मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## विशिष्ट पाहुनाका लागि साढे ३ करोडको गाडी !




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले अति विशिष्ट व्यक्तिको प्रयोगका लागि साढे ३ करोड रुपैयाँ

*बाँकी पृष्ठ ३ मा*

● वर्ष ४ ● अंक २९२ ● २०८३ साल असोज १२ गते सोमबार ● Monday 28, September 2026 ● सूर्योदय: बिहान ०५:५८ बजे ● सूर्यास्त: साँझ ०५:५६ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

### नागरिकतामा उजुरी परेपछि

## वैष्णो मेडिसेल्सका सञ्चालक अग्रवाल छानबिनको घेरामा

# मेडिकल उपकरण आपूर्तिको कारोबारमा पनि प्रश्न !




कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा १ सँग सम्बन्धित
बैष्णो मेडिसेल्स प्रा.लि.
को
शेयरवालाहरुको दर्ता किताब

| शेयरवालाको नाम, ठेगाना | बाबु/पति को नाम | ना.प्र.प. नं./जिल्ला | शेयर संख्या देखि | शेयर संख्या सम्म | जम्मा | चुक्तानी भएको रकम | चुक्तानी हुन बाँकी | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.नाम : पुनम कुमारी टिवडेवाल ठेगाना : पर्सा जिल्ला, विरगंज उ.म.न.पा.वडा नं. १३, हाल विरगंज म.न.पा.वडा नं. १० | गिरधारीलाल मारवाडी | १६०३२९८२ २ पर्सा | ०१ | ६७,००० | ६७,००० | ६७,००,०००/- | छैन। | | | |
| २.नाम : रवि कुमार अग्रवाल ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ८ | शतीश अग्रवाल | २९१७२७७३ सर्लाही | ६७००१ | १००००० | ३३००० | ३३,००,०००/- | छैन। | | | |

प्रमाणित गर्नेको दस्तखत:
नाम : पुनम कुमारी टिवडेवाल
पद : अध्यक्ष
मिति : २०७७/०३/२५

सहायक रजिष्ट्रार

**मधेशदृष्टि**
**सर्लाही।**
नेत्ररोगसम्बन्धी मेडिकल उपकरण तथा सामग्री आपूर्ति गर्दै आएको वैष्णो मेडिसेल्स प्रालिका सञ्चालक रवि कुमार अग्रवालको नेपाली नागरिकताको वैधानिकतामाथि प्रश्न उठाउँदै जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा उजुरी परेपछि प्रशासनले उनको नागरिकता फाइल झिकाएर छानबिन प्रक्रिया अघि बढाएको छ । नागरिकताको विषयसँगै अग्रवालसँग जोडिएको मेडिकल उपकरण आपूर्तिको कारोबार र विभिन्न आँखा अस्पतालमा भएका खरिद प्रक्रियासमेत सार्वजनिक चासोको विषय बनेको छ।

अग्रवालले सर्लाहीको मलंगवाबाट नेपाली नागरिकता लिँदा पेस गरेका कागजात र नागरिकता जारी गर्ने क्रममा अपनाइएको प्रक्रियाको वैधानिकता परीक्षण गर्न माग गर्दै उजुरी परेको हो । उजुरीमा उनको पारिवारिक विवरण, जन्म तथा नाता प्रमाणित, स्थानीय तहको सिफारिस, सनाखतलगायत नागरिकता प्राप्तिका लागि पेस गरिएका सम्पूर्ण कागजातको प्रमाणित प्रतिलिपि झिकाएर परीक्षण गर्न माग गरिएको छ।

उजुरीमा अग्रवालका बुवा, आमा तथा दाजुभाइसमेत भारतीय नागरिक रहेको दाबी गरिएको छ । अग्रवालले नेपाली नागरिकता प्राप्त गर्दा कुन कानुनी आधार र कागजात प्रस्तुत गरेको विषय छानविनको घेरामा परेको हो । उनको नागरिकता जारी गर्ने प्रक्रियासमेत छानबिन गर्न माग गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीले भने उजुरीका आधारमा सम्बन्धित अभिलेख मगाएर प्रक्रिया अघि बढाएको जनाएको छ । सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेका अनुसार अग्रवालको नागरिकतासम्बन्धी उजुरी परेको र आवश्यक अभिलेख झिकाएर छानबिन भइरहेको छ। उनले भने, 'उनको नागरिकतासम्बन्धी विषयमा उजुरी परेको छ। हामीले अभिलेख मगाएर छानबिन गरिरहेका छौँ। छानबिनपछि मात्र के भएको हो भन्ने थाहा हुन्छ।'

अग्रवालको नागरिकता विवादको विषयसँगै उनको व्यावसायिक गतिविधि पनि चर्चामा आएको छ। काठमाडौँको त्रिपुरेश्वरमा दर्ता रहेको वैष्णो मेडिसेल्स प्रालि नेत्ररोगसम्बन्धी मेडिकल उपकरण, मेसिन तथा अन्य सामग्रीको बिक्री–वितरण र बिक्रीपछिको सेवामा संलग्न रहेको विवरण सार्वजनिक अभिलेखमा देखिन्छ।

कम्पनीले फाको तथा भिट्रियोरेटिनल मेसिन, अपरेटिङ माइक्रोस्कोप, लेजर, स्लिट ल्याम्पलगायत नेत्र शल्यक्रिया तथा उपचारमा प्रयोग हुने उपकरण आपूर्ति गर्दै आएको उल्लेख छ । केही अन्तर्राष्ट्रिय मेडिकल उपकरण ब्रान्डले नेपालका लागि वैष्णो मेडिसेल्सलाई आधिकारिक विक्रेताका रूपमा उल्लेख गरेको अभिलेखसमेत भेटिन्छ।

कम्पनीको कारोबारसँग सम्बन्धित यही विवरणका कारण विभिन्न आँखा अस्पताल तथा स्वास्थ्य संस्थामा उसले गरेको भनिएको आपूर्तिको खरिद प्रक्रिया पनि परीक्षणको विषय बन्न सक्ने देखिएको छ। विशेषगरी तिलगंगा आँखा अस्पताल, मेची आँखा अस्पताल र बारा जिल्लाको परवानीपुर स्थित आरएम केडिया आँखा अस्पताललगायत संस्थासँग जोडिएका खरिद तथा आपूर्तिका कागजात सार्वजनिक चासोमा परेका छन्।

यस्ता खरिदमा बोलपत्र कसरी आह्वान गरियो, कति कम्पनीले प्रतिस्पर्धा गरे, प्राविधिक मूल्यांकनका आधार के थिए, मूल्य तुलना कसरी गरियो, छनोटको आधार के बनाइयो तथा सम्झौता र भुक्तानी प्रक्रिया कसरी अघि बढ्यो भन्ने विषय सम्बन्धित कागजातबाट मात्र स्पष्ट हुन सक्छ। त्यस्तै, एउटै कम्पनीले विभिन्न स्वास्थ्य संस्थामा पटक–पटक आपूर्ति गरेको भए त्यसको कारण, प्रतिस्पर्धाको अवस्था र खरिद प्रक्रियाको पारदर्शितासमेत सम्बन्धित फाइल परीक्षणबाट स्पष्ट गर्न सकिने विषय हुन्।

तिलगंगा आँखा प्रतिष्ठानबाट शल्यक्रियामा प्रयोग हुने उपकरण हराएको सम्बन्धी छुट्टै प्रकरणमा समेत नेपालमा उपकरणको आधिकारिक बिक्रेता वैष्णो मेडिसेल्स रहेको उल्लेख भएको सार्वजनिक अनुसन्धान विवरणमा देखिन्छ। यद्यपि, कुनै उपकरणको आधिकारिक विक्रेता हुनु वा कुनै अस्पतालमा सामग्री आपूर्ति गर्नु मात्रका आधारमा कम्पनी वा सम्बन्धित व्यक्तिले अनियमितता गरेको निष्कर्ष निकाल्न सकिँदैन। त्यसका लागि सम्बन्धित खरिदका मूल कागजात, बोलपत्र, प्रतिस्पर्धा, प्राविधिक तथा आर्थिक मूल्यांकन, सम्झौता र भुक्तानी अभिलेख आवश्यक हुन्छ।

त्यसैले अहिले यस प्रकरणमा दुई छुट्टाछुट्टै पक्ष महत्वपूर्ण देखिएका छन्। पहिलो, अग्रवालले नेपाली नागरिकता प्राप्त गर्दा पेस गरेका कागजात र त्यसका आधारमा नागरिकता जारी गरिएको प्रशासनिक प्रक्रिया र दोस्रो, वैष्णो मेडिसेल्सले विभिन्न स्वास्थ्य संस्थामा मेडिकल उपकरण आपूर्ति गर्दा अपनाइएको खरिद तथा व्यावसायिक प्रक्रिया।

नागरिकताको विषयमा सर्लाही प्रशासनले अभिलेख झिकाएर छानबिन थालेको अवस्थामा अब अग्रवालले नागरिकता प्राप्त गर्दा कुन कागजात पेस गरेका थिए, ती कागजात कहाँबाट प्रमाणित भएका थिए, सम्बन्धित स्थानीय तहले के सिफारिस गरेको थियो, सनाखत कसले गरेको थियो र प्रशासनले कुन कानुनी आधारमा नागरिकता जारी गरेको थियो भन्ने विषय छानबिनबाट स्पष्ट हुनेछ।

त्यसैगरी, वैष्णो मेडिसेल्सको आपूर्तिसँग सम्बन्धित खरिद फाइल परीक्षण भएमा कम्पनीले विभिन्न आँखा अस्पतालबाट प्राप्त गरेका ठेक्का तथा आपूर्तिको प्रक्रिया प्रतिस्पर्धात्मक र नियमानुसार थियो वा थिएन भन्ने तथ्यसमेत कागजातका आधारमा छुट्टै स्पष्ट गर्न सकिनेछ । यस विषयमा वैष्णो मेडिसेल्स प्रालिका सञ्चालक रवि कुमार अग्रवालको प्रतिक्रिया प्राप्त हुन सकेको छैन । उनको प्रतिक्रिया प्राप्त भए समाचारमा समावेश गरिनेछ।

# अविरल वर्षा: सात जिल्लामा क्षति, धनुषामा महिलाको मृत्यु




**मधेशदृष्टि**
**जनकपुरधाम।**
अविरल वर्षा र हावाहुरीका कारण मधेश प्रदेशका विभिन्न जिल्लामा जनजीवन प्रभावित भएको छ । पर्सादेखि सप्तरीसम्मका जिल्लामा घर, गोठ तथा अन्य भौतिक संरचनामा क्षति पुगेको प्रहरीले जनाएको छ।

धनुषाको मिथिला नगरपालिका–११ आँपगाछीमा पहिरो खस्दा स्थानीय राजन श्रेष्ठको घर पुरिएको छ। घरभित्र रहेका चार जनालाई नेपाल प्रहरीको टोली र जेसीबीको सहयोगमा सकुशल उद्धार गरिएको थियो। सोही घटनामा करिब ३५ वर्षीया कमला श्रेष्ठको मृत्यु भएको प्रहरीले जनाएको छ। उनको शव कानुनी प्रक्रिया तथा पोस्टमार्टमका लागि सरकारी अस्पताल बर्दिबास, महोत्तरी पठाइएको छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार पर्साको ठोरी गाउँपालिका–५ आठघरे टोलमा हावाहुरीले कान्छी स्याङ्वोको एकतले टिनको छानो भएको घरको जस्तापाता उडाउँदा घरमा पूर्ण क्षति पुगेको छ।

बाराको कलैया उपमहानगरपालिका–२ कबहीमा अमिन मियाँको इँटाको गारो तथा खपटाको छानो भएको घरको पूर्वतर्फको गारो र छाना आंशिक रूपमा क्षतिग्रस्त भएको छ।

रौतहटमा समेत वर्षाका कारण विभिन्न स्थानमा भौतिक क्षति भएको छ । राजपुर नगरपालिका–९ वैरियामा केही घरमा क्षति पुगेको छ। कटहरिया नगरपालिका–१ भसेढवा टोलमा लक्ष्मण राय यादवको दुईतले कच्ची घर भत्किएर पूर्ण रूपमा क्षतिग्रस्त भएको प्रहरीले जनाएको छ । यस्तै, मौलापुर नगरपालिका–४ पतौरामा भैँसीको गोठ र गरुडा नगरपालिका–८ गम्हरियामा एउटा घरसमेत क्षतिग्रस्त भएको छ।

सर्लाहीका विष्णु गाउँपालिका–५ फेन्हारा, मलङ्गवा नगरपालिका–५ भाडसर, कौडेना गाउँपालिकाका वडा नम्बर ३ र ६ तथा चन्द्रनगर गाउँपालिका–१ लगायतका क्षेत्रमा वर्षा र हावाहुरीका कारण कच्ची घर, गोठ तथा अन्य संरचनामा आंशिक तथा पूर्ण

*बाँकी पृष्ठ ३ मा*

# हावाहुरीले धान ढल्यो, उखुमा दोहोरो क्षति



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको उत्तरी क्षेत्रमा परेको लगातारको वर्षा र हावाहुरीले पाकेर काट्ने तयारीमा रहेको धानबालीमा ठूलो क्षति पुगेको छ। खेतमा धान ढलेर पानीमा डुब्न थालेपछि किसानलाई बाली कुहिने र उत्पादन घट्ने चिन्ता बढेको छ।

असारमै धान रोपेका किसान अहिले बाली भित्र्याउने तयारीमा थिए । मौसममा सुधार आएपछि धान काट्ने तयारी गरिरहेका बेला आएको हावाहुरीसहितको वर्षाले खेतमै बाली ढलाएपछि किसान समस्यामा परेका हुन्।

औरही, गौशाला र भङ्गहा नगरपालिकाका अधिकांश क्षेत्रमा धान पाकेर खेत पहेँलपुर भएका बेला वर्षा र हावाहुरी आएको हो । खेतमा पानी जम्दा काट्न बाँकी धान ढलेर डुबेको छ। पानी तत्काल नघटे धान कुहिने र उत्पादनमा थप कमी आउने किसानको भनाइ छ।

औरही नगरपालिका–२ का किसान दिनेश यादवले बाली भित्र्याउने समयमै क्षति भएपछि वर्षभरको मेहनत र लगानी जोखिममा परेको बताए।

'वर्षभरि गरेको मेहनत र लगानी उठाउने बेला बाली नै खेतमा ढलेको छ,' उनले भने, 'धान काटेर घर भित्र्याउन नपाउँदै पानीमा डुबेपछि परिवारको खाद्यान्न व्यवस्थामै समस्या पर्ने चिन्ता छ।'

किसानका अनुसार महोत्तरीको उत्तरी क्षेत्रमा धानबालीमा वर्षेनी वर्षा, हावाहुरी र डुबानका कारण क्षति हुने गरेको छ। कहिले काटेर सुकाउन राखिएको धान भिज्ने, कहिले हावाहुरीले खेतमै

*बाँकी पृष्ठ ३ मा*



## सम्पादकीय

# स्थानीय चुनावमा उठ्छु भन्नेहरुको अनुहार र मधेशको नियती

स्थानीय चुनावको औपचारिक घोषणा नहुँदै मधेशका गाउँ–बस्ती र चियापसलहरूमा चुनावी सरगर्मी र बहस तीव्र बनेको छ । सम्भावित आकांक्षीहरूले सामाजिक सञ्जालदेखि घरदैलोसम्म पुगेर आफ्नो उम्मेदवारीको घोषणा गर्न थालिसकेका छन् । प्रत्येक चुनावअघि देखिने यो अस्वाभाविक हतारो र रन्कोले चुनावी माहोल त तताएको छ, तर यसले मधेशका आधारभूत र जल्दाबल्दा मुद्दाहरूलाई फेरि पनि चुनावी होहल्लाभित्रै थिच्ने हो कि भन्ने गम्भीर संशय उब्जाएको छ ।

विगत पाँच वर्षको अवधिमा मधेशका वडाहरूको अवस्थालाई निष्पक्ष ढङ्गले समीक्षा गर्ने हो भने केही भौतिक पूर्वाधारका क्षेत्रमा सुधार नभएको होइन । कतिपय गाउँमा सडक ढलान भएका छन्, वडा कार्यालयका नयाँ भवन बनेका छन् और केही प्रशासनिक सहजता आएको छ । तर, पूर्वाधारको यो बाह्य चमकले मधेशको वास्तविक सामाजिक–आर्थिक जीवनस्तरलाई छुन सकेको छैन । सामुदायिक विद्यालयहरूको खस्कँदो शैक्षिक स्तर, स्वास्थ्य चौकीहरूमा सिटामोल र जनशक्तिको निरन्तर अभाव, कृषकले भोग्नुपरेको मल र सिँचाइको पिरलो अनि रोजगारीका लागि खाडी पस्न बाध्य युवाहरूको ताँती–यी सबै दृश्यहरूले विगत पाँच वर्षमा वडाहरूको साँचो रूपान्तरण हुन नसकेको तीतो यथार्थलाई पोख्छन् । यही निराशा र जनप्रतिनिधिप्रतिको जनगुनासोको आडमा यसपटक दलीय घेराभन्दा बाहिरका स्वतन्त्र उम्मेदवारहरू र अनेकौँ नयाँ अनुहारहरू चुनावी मैदानमा उत्रिने होडबाजी चलेको छ । पुराना दल र तिनका नेतृत्वप्रतिको वितृष्णाले गर्दा सर्वसाधारणमा 'विकल्प'को खोजी हुनु स्वाभाविक हो, जसका कारण नयाँ अनुहारहरूप्रति केही कौतुहलता र आकर्षण देखिएको छ । तर, केवल अनुहार फेरिनु वा दलीय छाप त्यागेर स्वतन्त्र हुनु मात्रै सुशासन, पारदर्शिता र विकासको ग्यारेन्टी होइन भन्ने कुरा विगतका अनेकौँ राजनीतिक प्रयोगहरूले सिद्ध गरिसकेका छन् ।

वस्तुतः मधेशका मतदाताले खोजेको केवल नयाँ अनुहार वा आकर्षक भाषण पस्कने उम्मेदवार मात्र होइनन्, उनीहरूले खोजेको त तिनै उम्मेदवारभित्रको इमानदार निष्ठा, स्पष्ट स्थानीय दृष्टि र परिणाममुखी कार्यशैली हो । चुनावको मुखमा गाउँ छिर्ने र दलीय वा व्यक्तिगत स्वार्थका लागि जातीय र साम्प्रदायिक कार्ड खेल्ने परिपाटीबाट जनता आजित भइसकेका छन् । उम्मेदवार दलीय होस् या स्वतन्त्र, उसले स्थानीय स्रोत–साधनको न्यायोचित वितरण, दलित तथा सीमान्कृत समुदायको उत्थान र कृषि क्षेत्रको सुदृढीकरणका लागि कस्तो ठोस खाका ल्याउँछ भन्ने कुरा नै मूल्याङ्कनको मुख्य ककस हुनुपर्छ ।

तसर्थ, चुनावको घोषणा हुनुअघि नै सुरु भएको उम्मेदवारीको बाढीलाई नागरिकहरूले गम्भीरतापूर्वक पारदर्शी तराजुमा जोख्नु आवश्यक छ । लहर वा प्रचारबाजीका भरमा बहकिएर पुनः पाँच वर्षका लागि आफ्नो र भावी पुस्ताको भविष्य दाउमा लगाउनु हुँदैन । नयाँ र पुराना दुवै थरिका उम्मेदवारहरूलाई उनीहरूको विगत, नैतिकता र स्पष्ट कार्ययोजनाका आधारमा प्रश्न सोध्ने र परख गर्ने दायित्व मतदाताकै काँधमा छ । जबसम्म राजनीतिक दल र उम्मेदवारहरूलाई मधेशका वास्तविक जनजीविकाका मुद्दामा जवाफदेही बनाइँदैन, तबसम्म अनुहार मात्र फेरिने तर वडाहरूको नियति नफेरिने दुष्चक्र दोहोरिरहनेछ ।

# सुरुङभित्रको उद्धार विपद् प्रतिकार्यको जटिल र साहसिक अध्याय

राष्ट्रिय समाचार समिति

**काठमाडौँ ।**
नेपाली सेनाले रसुवाको भोटेकोशी बाढी व्यवस्थापनमा सङ्गठनको भूमिका अतुलनीय, ऐतिहासिक र अनुकरणीय रहेको निष्कर्ष निकालेको छ ।

प्रतिकूल र तीव्रगतिमा बदलिने मौसम, पहाडी तथा साँघुरो उडान क्षेत्र, सीमित हेलिप्याड, अवरुद्ध सञ्चार, नदीको अनिश्चित बहाव, निरन्तरको पहिरो तथा सुरुङभित्र थुप्रिएको लेदो र ठूला चट्टानजस्ता अत्यधिक उच्च जोखिमका बीच सम्पूर्ण उद्धार अभियान सम्पादन गरिएको सेनाले स्पष्ट पारेको छ ।

भोटेकोशी बाढीले राष्ट्रिय सङ्कट व्यवस्थापनमा विपद् प्रतिकार्यलाई सामान्य प्रशासनिक कामका रूपमा नभई उच्च जोखिम, अनिश्चितता र अन्तरनिकाय समन्वय आवश्यक पर्ने संयुक्त कार्यका रूपमा लिनुपर्ने स्पष्ट सन्देश दिएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले जानकारी दिए ।

उनले भने, 'सङ्कटको जुनसुकै कठिन घडीमा पनि अग्रपङ्क्तिमा खटिएर नेपाली सेनाले प्रदर्शन गरेको अदम्य साहस तथा मानवीय समर्पण राष्ट्रका लागि गौरव, प्रेरणा र भविष्यका विपद् प्रतिकार्यका लागि महत्त्वपूर्ण दृष्टान्तका रूपमा रहनेछ ।'

रसुवा बाढीपछिको एक महिनाको अवधिमा गरिएका खोज तथा उद्धार, स्वास्थ्य सेवा प्रदान र प्रभावित क्षेत्रको जनजीवनलाई सामान्य बनाउन पूर्वाधार पुनस्थापनाका प्रयासबारे सेनाले राष्ट्रिय समाचार समिति (रासस)लाई उपलब्ध गराएको दस्तावेजमा विपद् प्रतिकार्यको सबैभन्दा जटिल र साहसिक अध्याय जलविद्युत् आयोजनाका पुरिएका सुरुङभित्र गरिएको उद्धार भएको ठम्याइँ छ ।

भोटेकोशी बाढीः खोज, उद्धार तथा विपद् व्यवस्थापनमा नेपाली सेना

भदौ १० गते भोटेकोशीमा गएको विनासकारी बाढीले नदी आसपासका तटीय क्षेत्रमा अपूरणीय क्षति पुर्यायो । यस अप्रत्यासित जलप्रकोपका कारण स्थानीय मानव बस्ती, सडक पूर्वाधार, पुलहरू तथा जलविद्युत् आयोजना क्षणभरमै लेदोमा बिलिन हुन पुगे ।

यस्तो विकराल र विषम राष्ट्रिय सङ्कटको घडीमा नेपाली सेनाले आफ्नो उत्कृष्ट मानवीय दायित्व निर्वाह गर्दै आपत्कालीन खोज, उद्धार तथा विपद् व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह ग¥यो । विपद्को खबर प्राप्त हुनासाथ रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन र पूर्वी नवलपरासीलगायत इलाकामा तैनाथ सैनिक युनिट तत्काल उद्धार कार्यका लागि खटिएका थिए । विषम परिस्थितिमा उद्धार अभियानलाई चुस्त बनाउन नौ हजार ३०० भन्दा बढी सैनिक जनशक्ति परिचालन गरिनुका साथै कम्पोजित क्विक रियाक्सन टिम (सिक्युआरटी) र आपत्कालीन मेडिकल टिमसहित तुरुन्त चारवटा हेलिकप्टर खोज तथा उद्धारका लागि खटाइएका थिए । भौगोलिक विकटता र सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध भएको चुनौतीपूर्ण स्थितिमा सेनाले हवाई उद्धार, जमिनी उद्धार, टनेल उद्धार, स्वास्थ्य सेवा तथा सडक सञ्जाल पुनस्थापनामा द्रुतगतिमा कार्य अगाडि बढाइरहेको छ ।

भौगोलिक जटिलता र सडक सञ्जाल पूर्ण रूपमा बिच्छेद भएको परिस्थितिमा नेपाली सेनाले हवाई मार्गलाई प्राथमिक माध्यम बनायो । एमआई–१७ लगायत सातवटा सैनिक हेलिकप्टर र निजी क्षेत्रका हवाई साधनलाई रणनीतिक रूपमा परिचालन गरिएको थियो । त्रिशूली र धुन्चेमा बेस स्थापना गरी एयर ट्राफिक कन्ट्रोल (एटिसी) सञ्चालनसहित दैनिक १५ देखि २२ वटा हेलिकप्टरमार्फत एक हजार ६०० भन्दा बढी उडानहरू भएका छन् ।

यस हवाई अभियानबाट कुल चार हजार २४२ जना (तीन हजार ९५९ नेपाली र १२ देशका २८३ विदेशी नागरिक)को सकुशल उद्धार भएको छ । यसका साथै टिमुरे, स्याफ्रुबेँसी, मैलुङ र हाकुबेँसीजस्ता स्थानमा हजारौँ किलो खाद्यान्न, औषधि, रासन र अक्सिजन सिलिन्डर एयरलिफ्ट तथा ड्रोनबाट पठाउनुका साथै टनेल क्षेत्रमा खोज तथा उद्धारका लागि अतिआवश्यक उपकरण लैजान स्लिङ अपरेसनसमेत सञ्चालन गरिएको थियो ।

रसुवागढीदेखि नवलपरासी पूर्वसम्मका प्रभावित क्षेत्रमा जमिनी खोज तथा उद्धारकार्यलाई उत्तिकै तीव्रताका साथ अगाडि बढाइ नेपाली सेनाले नदी किनार, जङ्गल, डाँडाकाँडा र सडक बिच्छेद तथा बाढीबाट बढी प्रभावित तुप्चे, दानसिङ, कालिकास्थान, स्याफ्रुबेँसीलगायत बस्तीमा निरन्तर पैदल गस्ती सञ्चालन गरी शव सङ्कलन र स्थानीय निकायसँग समन्वय र सहकार्य गरी परिस्थितिको बारेमा जानकारी सङ्कलन गरिएको थियो ।

अप्ठ्यारो भूभागमा सम्भावित स्थानको पहिचान गर्न थर्मल ड्रोन तथा आधुनिक उपकरणको प्रयोग गरी रेकीसमेत भएका छन् । जमिनी उत्खनन र खोजीका क्रममा फेलापरेका एक हजार ४५१ वटा शवको व्यवस्थापनमा सहयोग गरेको छ । स्थानीय प्रशासन, स्थानीय निकाय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायत सबै सरोकारवाला पक्षसँग समन्वय र सहकार्यमा यी कार्यहरु भएका छन् ।

यस विपद् प्रतिकार्यको सबैभन्दा जटिल र साहसिक अध्याय जलविद्युत् आयोजनाका पुरिएका सुरुङहरूभित्र गरिएको उद्धारकार्य हो । जलविद्युत् आयोजनाको सुरुङ इलाकाबाट दुई हजार ७९८ र बाढीको लेदो, माटो र ठूला चट्टानले पुरिएका सुरुङबाट निरन्तर रूपमा गरिएको अथक प्रयासपश्‌चात सात जनाको जीवितै उद्धार गर्न सफल भएको छ । त्रिशूली–३ 'ए' मा ड्रिलिङ मेसिन, एक्स्काभेटर, रक ब्रेकर र नियन्त्रित विस्फोटमार्फत क्राउन हेड खोली, अक्सिजन पम्प गरेर भदौ १९ गते सुरुङभित्र फसेका दुई जनाको जीवितै उद्धार गरिएको छ । माथिल्लो त्रिशूली–१ बाट अडिट सुरुङको २२५ मिटर गहिराइबाट रबर बोट र थर्मल क्यामेराको प्रयोग गरी चिनियाँ नागरिकको सफल उद्धार गरिनुका साथै जम्मा ३७ वटा शवसमेत सङ्कलन भएका थिए ।

खोज तथा उद्धार टोलीद्वारा करिब एक हजार ५० मिटर वैकल्पिक बाटो खोली चिलिमे सुरुङको ब्रेकथ्रुपश्चात् पाँचवटा शव तथा मानव अङ्ग सङ्कलन गर्नुका साथै रसुवागढी र त्रिशूली–३ 'बी' आयोजनामा उत्खनन गरी खोज तथा उद्धारकार्य भएको छ । छिमेकीलगायत अन्य मित्र राष्ट्रहरुको जनशक्ति तथा प्रविधिसहित नेपाली सेनासँग संयुक्त रूपमा टनेलहरूमा खोज तथा उद्धारकार्यमा संलग्न भएका थिए ।

त्यसैगरी, भोटेकोशी बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धारकार्यका अतिरिक्त बाढी प्रभावित नागरिकको स्वास्थ्य उपचारलाई प्राथमिकतामा राख्दै सेनाले त्रिशूली र धुन्चेमा आपत्कालीन उपचार केन्द्र तथा मेडिकल गस्ती सञ्चालन गर्यो, जसबाट तुरुन्त बाढीबाट घाइते र अन्य गरी चार हजार तीन जनाले प्रत्यक्ष चिकित्सा सेवा प्राप्त गरे । सुरुङ तथा भौगोलिक रूपमा विकट इलाकामा गम्भीर घाइते अवस्थामा फेलापरेका नागरिकलाई हेलिकप्टरमार्फत छाउनीस्थित वीरेन्द्र अस्पताल पुर्याएर आपत्कालीन उपचार प्रदान गरियो । विस्थापितहरूका लागि अस्थायी आवास र होल्डिङ सेन्टरमा स्वास्थ्य सेवा प्रदान गर्नुका साथै महामारी फैलन नदिन स्थानीय निकायसँगको समन्वयमा निसङ्क्रमण अपरेसन सञ्चालन गरिएको थियो ।

खोज तथा उद्धारकार्य, स्वास्थ सेवा प्रदानका साथसाथै प्रभावित जनजीवनलाई सामान्य बनाउन पूर्वाधार पुनस्थापनामा नेपाली सेनाले महत्त्वपूर्ण योगदान पुर्याएको छ । नुवाकोटको देवीघाटस्थित तादी नदीमा करिब ६० मिटर लम्बाइ र ६० टन भार क्षमताको एक्रो ब्रिज पाँच दिनको निरन्तर प्रयासमा जडान गरी भदौ २५ गतेदेखि सञ्चालनमा ल्याइयो । स्याफ्रुबेँसी–चिलिमे र इन्द्रेणी घाटमा तुइन तथा काठका अस्थायी फट्के निर्माण गरिए । बेत्रावतीमा बेलीब्रिज निर्माणकार्य अगाडि बढाउने क्रममा विष्फोटक पदार्थ प्रयोग गरी पुल निर्माण गर्ने स्थानसम्म जाने बाटो निर्माण भइहेको छ ।

समग्रमा, रसुवाको भोटेकोशी बाढी व्यवस्थापनमा नेपाली सेनाको भूमिका अतुलनीय, ऐतिहासिक र अनुकरणीय रह्यो । सम्पूर्ण उद्धार अभियान प्रतिकूल र तीव्रगतिमा बदलिने मौसम, पहाडी तथा साँघुरो उडान क्षेत्र, सीमित हेलिप्याड, अवरुद्ध सञ्चार, नदीको अनिश्चित बहाव, निरन्तरको पहिरो तथा सुरुङभित्र थुप्रिएको लेदो र ठूला चट्टानजस्ता अत्यधिक उच्च जोखिमका बीच कार्यसम्पादन गरिएको थियो । आफ्नै परिवार तथा सैनिकसमेत विपद्बाट प्रभावित रहेको अवस्थामा पनि नेपाली सेनाले कर्तव्यलाई सर्वोच्च प्राथमिकता दिँदै नागरिकको जीवनरक्षाका लागि निरन्तर अग्रपङ्क्तिमा रही खोज तथा उद्धार कार्य सञ्चालन गरिएको छ ।

विशेषतः हाइड्रोपावरको साँघुरो र जोखिमपूर्ण सुरुङभित्र करिब १७० मिटर गहिराइसम्म प्रवेश गरी लेदो, चट्टान, सीमित स्थान तथा थप जोखिमको सम्भावनाबीच गरिएको जीवित उद्धार नेपाली सेनाको अदम्य साहस, उच्च व्यावसायिक दक्षता, टोलीगत समन्वय र जोखिम वहन गर्ने सैनिक चरित्रको कारणले सम्भव भएको देखिन्छ ।

राष्ट्रिय सङ्कट व्यवस्थापनमा विपद् प्रतिकार्यलाई सामान्य प्रशासनिक कामका रूपमा नभई उच्च जोखिम, अनिश्चितता र अन्तर–निकाय समन्वय आवश्यक पर्ने संयुक्त कार्यका रूपमा लिनुपर्ने स्पष्ट सन्देश दिएको छ । सङ्कटको जुनसुकै कठिन घडीमा पनि अग्रपङ्क्तिमा खटिएर नेपाली सेनाले प्रदर्शन गरेको अदम्य साहस तथा मानवीय समर्पण राष्ट्रका लागि गौरव, प्रेरणा र भविष्यका विपद् प्रतिकार्यका लागि महत्त्वपूर्ण दृष्टान्तका रूपमा रहनेछ ।

साथै, विपद् प्रतिकार्यमा नेपाल सरकारको निर्देशनबमोजिम नेपाली सेनालगायत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय प्रशासन, स्थानीय निकाय र स्थानीय समुदायबीच समन्वय र सहकार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको प्रष्ट देखिएको छ ।

# पर्यटन पुनर्संरचनाको बदलिँदो 'डिजिटलमुखी' बहस

–डा. चेतनाथ कणेल

विश्वभर पर्यटन दिवस मनाइरहँदा यस दिनले छाड्ने विशेष सन्देशउपर नेपाल पनि चुप लागेर बस्ने कुरो आउँदैन । हरेक वर्ष नयाँ नारा र सन्देशका साथ २७ सेप्टेम्बरलाई 'अब पर्यटनले नयाँ तरिकाले आफूलाई प्रस्तुत गर्नुपर्छ' भन्ने विशेष अभीष्ट र अभियान बोकेर आउने हुँदा संयुक्त राष्ट्रसङ्घीय पर्यटन सङ्गठन (युएन टुरिजम) को आह्वानअनुरूप यो वर्ष पर्यटनलाई 'डिजिटल एजेन्डा' र पछिल्लो समय तीव्र रूपमा बढ्दै गएको 'कृत्रिम बुद्धिमत्ता (एआई)' सँग जोड्ने विश्वव्यापी पहलले थप प्रश्रयता पाएको छ ।

हामीलाई थाहा छ, नेपालको पर्यटनले अपेक्षित गति समात्न सकेको छैन । छिमेकी देशहरू तथा पर्यटनमा आफूलाई अब्बल ठान्ने कतिपय देशहरूको तुलनामा हाम्रो पर्यटन वृद्धिदर कछुवाको गति, अझ भनौँ बिरामी कछुवाको गतिमा पाइला सारेजस्तो भएको छ । यसका पछाडि धेरै कारण छन् । ती कारणहरूमध्ये नेपालको पर्यटनले 'डिजिटल' संसारलाई विश्वले अपेक्षा गरेअनुसार पछयाउन नसक्नु पनि एक हो ।

साथै, विगत दुई–तीन वर्षयता विश्वभर चम्किरहेको एआई लहरलाई नेपाली पर्यटनको डोरीले तान्न नसक्नु पनि हो भनिन्छ । यी सन्दर्भमा यस वर्षको पर्यटनको नारा नेपालको सन्दर्भमा झनै सान्दर्भिक देखिन्छ ।

हो, नेपाली पर्यटनले डिजिटल संसारलाई आत्मसात् गर्ने सोच नराखेको होइन । किनकि, यस पङ्क्तिकारको पनि संलग्नतामा सन् २०१६ देखि २०२५ सम्मका लागि तयार पारिएको १० वर्षे 'राष्ट्रिय रणनीतिक पर्यटन विकास योजना'मा नै नेपालको पर्यटनमा डिजिटल प्रयोग अधिकतम बढाउँदै जाने र पर्यटनको विश्व बजारीकरणमा अब पोस्टर र पम्प्लेट अनि ब्रोसर र बुकलेट बोकेर जाने होइन हरेक देश, हरेक सहर र हरेक पर्यटकको हातमा नेपाली पर्यटनको सूचना 'डिजिटल्ली' सहजै पुग्ने वातावरण बनाउने कुरा स्पष्ट उल्लेख गरिएको थियो ।

नेपाल पर्यटन बोर्डले विभिन्न समयमा बनाएका पर्यटन बजारीकरण नीति, रणनीति तथा कार्ययोजनाहरूमा पनि पर्यटनको प्रवद्र्धन र बजारीकरणमा डिजिटल माध्यमको प्रयोगमा बढोत्तरी ल्याउने कुरा उल्लेख नभएका होइनन् । तर पनि अपेक्षित गति र लय समात्न नसकेको यथार्थ छ । अबको समयले यो कुरामा थप आँखा लगाउन र गतिशील पहलकदमी अघि बढाउन ढोका खोल्नै पर्छ ।

विश्वका एकसयभन्दा बढी देशमा फैलिएका नेपाली डायस्पोराले पनि नेपालको पर्यटनमा आधुनिक सञ्चारमाध्यमको प्रयोग हुन नसकेको गुनासो बारम्बार गर्ने गरेका छन् । नेपालको पर्यटनलाई माया गर्ने तर विगत ३० वर्षदेखि बेलायतको लण्डनमा बस्दै आएका गुल्मीका एक मित्र भन्छन्, 'अबको जमानामा पोस्टर डिस्प्ले गर्नका लागि पर्यटन मेलामा वा मञ्चमा सहभागी हुन जाने होइन, डिजिटल संसारमा आफूलाई सशक्त ढङ्गले जोडेर दैनिकजसो नै पर्यटन मेला (टुरिजम फेयर) त्यही डिजिटल प्लेटफर्ममा नै सञ्चालन हुने व्यवस्था मिलाउनु पर्छ, भौतिक उपस्थितिलाई भन्दा डिजिटल उपस्थितिलाई जोड दिने अभ्यास र संस्कृति बढाउनु पर्छ ।' विश्व परिवेश केलाउँदा र बदलिँदो डिजिटल अभियानलाई आत्मसात् गर्दा यो भनाइ सोह्रै आना सही लाग्छ ।

अमेरिकाको क्यालिफोर्नियामा दुई दशकदेखि रेस्टुरेन्ट व्यवसाय गर्दै आएका गुल्मीकै अर्का मित्र सुनाउँछन्, 'पहिले पहिले म नेपाल आउँदा नेपाल पर्यटन बोर्डमा गएर विशेष अनुरोध गरी–गरी पोस्टर र लिफलेटको भारी बोकेर आउँथे, आफ्नो रेस्टुरेन्टको भित्ताभरि टाँसेर नेपालमय बनाउँथे, कतिपय ग्राहकलाई पनि बाँड्ने गर्थे, अनि मसँग कुरा गर्न चाहनेलाई नेपालका बारेमा थप बताउने गर्थे तर हेर्दाहेर्दै यो पाँच–सात वर्षमा त जमाना नै बदलिएजस्तो लाग्छ । स्मार्ट फोन र स्मार्ट टिभीको बढ्दो चलनले अहिले हामीले रेस्टुरेन्टका प्रत्येक कोठा र कुनामा सानो स्वरमा नेपालका गन्तव्यका बारेमा प्रचार सामग्रीहरू निरन्तर 'डिस्प्ले' र 'प्ले' गरिदिएका हुन्छौँ । 'गन्तव्यका बारेमा आफैँ बोल्ने सामग्री भए भने एउटा पोस्टर वा ब्रोसरभन्दा ती डिजिटल सामग्री बढी प्रभावकारी हुने हाम्रो अनुभव रह्यो,' उनी थप्छन्, 'नेपालले यस्ता स्व–वर्णित स्तरीय सामग्री टन्नै बनाएर एप, वेब, युट्युब, रिल्स, पोडकास्ट, अडियो, विश्वस्तरका टिभी, सामाजिक सञ्जाल आदि मार्फत डिजिटल संसारमा राखिदिनुपर्छ भन्ने हाम्रो अनुरोध हो । यसो गरेमा प्रचार आफैँ हुन्छ, प्रत्यक्ष बजारसँग पर्यटनका व्यापारीहरू (ट्राभल, ट्रेकिङ, एक्सपेडिसन, होटेल, होमस्टे आदि) सहज ढङ्गले आफैँ जोडिन पुग्छन् ।'

लण्डन र क्यालिफोर्नियाका दुई डायस्पोरिक अनुभवले नेपालको पर्यटनलाई बढीभन्दा बढी डिजिटाइज्ड गर्नुपर्ने कुराको स्पष्ट सङ्केत गरेका छन् । ती अनुभव खारिएका अनुभव हुन् । यी कुराहरूलाई मध्यनजर गर्दै नेपालको पर्यटनले अब फरक मोड लिनुपर्ने समय आएको छ । बल्ल बल्ल प्राप्त भएको करिब १२ लाख पर्यटकको आगमनलाई पार गर्दै पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको अझ बलियो आधार बनाउने हो भने विगतकै संरचना, सोच र प्रचारशैली दोहो¥याएर सम्भव हुँदैन । नेपालसँग पर्यटक आकर्षित गर्ने प्राकृतिक, सांस्कृतिक र साहसिक सम्पदाको कुनै कमी छैन; कमी छ त ती सम्पदालाई विश्वस्तरीय सूचना, सेवा, सुरक्षा, पहुँच र डिजिटल अनुभवसँग जोड्ने एकीकृत प्रणालीको । यही प्रणाली बढोत्तरीका साथ हामीले पर्यटक आगमन बढाउनु छ, बसाइ अवधि बढाउनु छ, खर्च गर्ने प्रवृत्ति पनि बढाउनु छ । पर्यटनबाट हुने आम्दानी देशैभर बाँड्नु पनि छ ।

हिमाल, पहाड र तराईको भौगोलिक विविधता नेपालका लागि पर्यटनको सबैभन्दा ठूलो पुँजी हो । सगरमाथा र अन्य हिमश्रृङ्खलाका आधार शिविरदेखि मध्यपहाडका डाँडाकाँडा, तालतलैया, नदी, जङ्गल, वन्यजन्तु, धार्मिक सम्पदा र ग्रामीण जीवनसम्म नेपालले एउटै यात्रामा असाधारण विविधता प्रदान गर्न सक्छ तर यो सम्भावनालाई पर्यटकको लामो बसाइ, बढी खर्च र पुनःआगमनमा रूपान्तरण गर्न हामीले अब पर्यटनको परम्परागत ढाँचाभन्दा बाहिर सोच्नैपर्छ, समग्र पर्यटनलाई पुनर्संरचित गर्नैपर्छ ।

पछिल्लो समय नेपालले आरोग्य पर्यटनलाई बढावा दिएको छ । तर यो पर्यटन अब कसरी अगाडि बढाउने भन्ने कुरामा सम्बन्धित सरोकारवालाहरूमा ज्ञानको कमी छ, सीपको कमी छ र रणनीतिक दृष्टिकोणको पनि अभाव नै छ । बहुआयामिक क्षमता विकासविना 'आरोग्य पर्यटन, आरोग्य नेपाल'को सपना पूरा हुन पाउँदैन । अर्को कुरा, आरोग्य पर्यटन एकलमा वा अलगमा सोच्नु हुँदैन । यसका लागि रणनीतिक ढङ्गले होटेल, होमस्टे, आरोहण, पदयात्रा, जलआमोद, खेल पर्यटन, पर्यापर्यटन आदि सबैको एकीकृत सोच र अभियान चाहिन्छ । सबै पर्यटकीय क्रियाकलापमा आरोग्यताको अभिन्नता, गन्तव्यको विविधता, गुणस्तरमा अब्बलता र सन्तुष्टिको पर्याप्तता अन्तरघुलित एवम् परिपूर्णित भएको हुनुपर्छ । उदाहरणका लागि एउटा हिमाली पदयात्रालाई स्थानीय गाउँ, संस्कृति, कृषि, खाना, होमस्टे, ध्यान–योग, जैविक विविधता र ताल–जङ्गलको अनुभवसँग जोड्न सकियो भने एउटै पर्यटकका लागि धेरै दिनको यात्रा निर्माण गर्न सकिन्छ ।

यस सन्दर्भमा नेपालको पर्यटनको दीर्घकालीन नारा 'नेचुरल्ली नेपाल, वन्स इज नट इनफ' ले पनि हामीलाई सधैँ प्रेरित गरिरहेको छ कि नेपालको पर्यटन प्रकृतिमय पर्यटन हो, प्राकृतिकपन यहाँको पर्यटनको प्रमुख विशेषता हो । यो पनको यथार्थ स्वाद लिन सक्ने वातावरण बनाउनु नै आरोग्य पर्यटनको अभिन्न र प्राथमिकतायुक्त अभियान हुनुपर्छ ।

**निष्कर्षमा,**
नेपाल एकपटक हेरेर फर्किने गन्तव्य होइन, फरक मौसममा, फरक भूगोलमा र फरक अनुभवका लागि पुनः आउनुपर्ने गन्तव्य हो भन्ने कुरा हामीले विश्वलाई भन्न सकेका छैनौँ । सगरमाथाका कुरा, बुद्ध जन्मभूमिका कुरा, प्राकृत नेपालका कुरा 'विश्व डिजिटल मञ्च'मा हाल्न नसकेकै कारणबाट हामी पर्यटनमा पछि परेका हौँ । गति, लय र विश्वबजारको ट्युनिङ पनि समात्न नसकेका हौँ । यसका लागि हामीले डिजिटल संसार र एआईको समेत प्रयोग गरी आकर्षक विज्ञापन बनाउने र बलियो सूचना प्रणालीमार्फत विश्वभर छर्ने मात्र होइन; पर्यटकले नेपालका विभिन्न भागमा सजिलै सूचना पाउने, यात्रा योजना बनाउन सक्ने, सेवा बुक गर्न सक्ने र यात्राका क्रममा सुरक्षित महसुस गर्ने प्रणाली निर्माण गर्नुपर्छ । किनकि, आजको पर्यटक नेपाल आउनुअघि नै डिजिटल माध्यमबाट गन्तव्यको खोजी गर्छ, मौसम, सडक, पदमार्ग, होटल, होमस्टे, खानपान, स्वास्थ्य–सेवा, सुरक्षा, स्थानीय यातायात र सम्भावित जोखिमबारे जानकारी लिएर मात्र यात्रा तय गर्छ । त्यसैले पर्यटन सूचना प्रणाली अब पर्यटनको सहायक पक्ष होइन, पर्यटन पूर्वाधारकै एउटा महत्वपूर्ण हिस्सा हो ।

साथै, हालै भोटेकोशी तथा त्रिशूली क्षेत्रमा देखिएको घटनाले दुर्गम पर्यटन क्षेत्रमा सञ्चार र पूर्वसूचनाको महत्वलाई अझ गम्भीर बनाएको छ । प्राकृतिक जोखिमलाई पूर्ण रूपमा रोक्न सकिँदैन, तर जोखिमको सूचना समयमै पु¥याउन सकिन्छ । मौसममा आएको परिवर्तन, सडक वा पदमार्गको अवस्था, बाढी–पहिरोको सम्भावना, नदीको जोखिम, हिमपात, स्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था वा अन्य सम्भावित खतराबारे पर्यटकलाई यात्रा सुरु गर्नुअघि र यात्राका क्रममा अद्यावधिक सूचना दिन सकिने प्रणाली आवश्यक छ । यस वर्ष, अर्थात् ४७औँ विश्व पर्यटन दिवसको मूल नाराले दिएको डिजिटलमुखी सन्देश पनि यही हो । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# वीरगंजमा अनधिकृत होर्डिङ बोर्ड र ब्यानर हटाउन महानगरको अभियान




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले सार्वजनिक स्थान तथा विद्युत्का खम्बामा अनुमति नलिई राखिएका होर्डिङ बोर्ड, ब्यानर र विभिन्न प्रचार सामग्री हटाउने अभियान सुरु गरेको छ। सार्वजनिक सम्पत्तिको संरक्षणसँगै सडक तथा विद्युत् संरचनालाई व्यवस्थित र सहरको सौन्दर्य कायम गर्ने उद्देश्यले महानगरपालिकाले अनधिकृत प्रचार सामग्री हटाउन थालेको हो।
अभियानअन्तर्गत मुख्य सडक, चोक तथा विद्युत्का खम्बामा जथाभावी राखिएका निजी क्लिनिक, चिकित्सक तथा विभिन्न व्यवसायका विज्ञापन सामग्री हटाउन थालिएको छ।
महानगरपालिकाका हरियाली संयोजक प्रकाश खेतानका अनुसार अनुमति नलिई सार्वजनिक पोल तथा स्थानमा राखिएका विज्ञापन सामग्री हटाउने काम सुरु गरिएको हो। उनले सार्वजनिक स्थानमा कुनै पनि विज्ञापन सामग्री राख्नुअघि महानगरपालिकाबाट आवश्यक अनुमति लिन सम्बन्धित व्यक्ति तथा संस्थालाई आग्रह गरे।
महानगरपालिकाले वीरगञ्जका प्रमुख सडक तथा चोकमा अनधिकृत रूपमा राखिएका प्रचार सामग्री हटाउने कार्यलाई तीव्रता दिएको छ।
संयोजक खेतानले सार्वजनिक सम्पत्तिको प्रयोग गरेर सहरको सौन्दर्य बिगार्ने र नियमविपरीत विज्ञापन राख्ने कार्यलाई निरन्तरता दिन नदिइने बताए। उनले भने, 'महानगरलाई स्वच्छ, सुन्दर र व्यवस्थित बनाउने दायित्व हामी सबैको हो।
सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेर सहरी सौन्दर्य बिगार्ने र अनुमतिविना विज्ञापन राख्ने छुट कसैलाई छैन।' महानगरपालिकाले अनुमति नलिई सार्वजनिक स्थानमा होर्डिङ बोर्ड, ब्यानर वा अन्य प्रचार सामग्री नराख्न सम्बन्धित व्यक्ति तथा संस्थालाई पुनः आग्रह गरेको छ।
यसैबीच, वीरगंजको मुख्य सडकलाई व्यवस्थित बनाउने काम पनि अघि बढिरहेको छ। सडक डिभिजन कार्यालय हेटौंडाले आगामी दसैँअघि मुख्य सडकलाई सफा र व्यवस्थित बनाउने योजनाअनुसार त्रिभुवन राजपथअन्तर्गत गण्डक चोकदेखि मितेरीपुलसम्म सडकको दायाँ–बायाँ २५–२५ मिटर क्षेत्र विस्तार गर्ने क्रममा घर तथा संरचना हटाउने काम सम्पन्न गरेको छ। मुख्य सडक विस्तार र अनधिकृत प्रचार सामग्री हटाउने अभियान एकैसाथ अघि बढेपछि वीरगंजको सडक क्षेत्रलाई थप व्यवस्थित बनाउने प्रयासले गति लिएको छ।

# पर्सा–४ कांग्रेस सभापतिमा श्रीकान्त यादव पुनः सर्वसम्मत



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कांग्रेस पर्साको प्रतिनिधिसभा क्षेत्र नम्बर ४ को क्षेत्रीय सभापतिमा श्रीकान्त प्रसाद यादव पुनः सर्वसम्मत चयन भएका छन्। जगरनाथपुर गाउँपालिका–५ मसिहानीमा आइतबार सम्पन्न कांग्रेसको क्षेत्रीय अधिवेशनले यादवलाई दोस्रोपटक क्षेत्रीय सभापतिको जिम्मेवारी दिएको हो। यादव जगरनाथपुर गाउँपालिकाका अध्यक्षसमेत हुन्।
अधिवेशनबाट क्षेत्रीय सचिवमा बलिष्टर अहमद र सहसचिवमा सन्जय चौधरी पनि पुनः सर्वसम्मत चयन भएका छन्। कांग्रेसको १५औँ महाधिवेशनका लागि क्षेत्र नम्बर ४ बाट महाधिवेशन प्रतिनिधिमा पूर्वउद्योगमन्त्री रमेश रिजाल, मधेश प्रदेश सरकारका वनमन्त्री शंकर चौधरी, कांग्रेस पर्साका जिल्ला सहसचिव नविन सिंह, तबरेज अहमद, सहरुम राउत गदी, किशोरी प्रसाद कानु, पञ्चानन्द मिश्र, रेखा चौधरी, गोमा उपाध्याय, गीता विष्ट र शोभा शर्मा सर्वसम्मत चयन भएका छन्।
नवनिर्वाचित क्षेत्रीय सचिव बलिष्टर अहमदका अनुसार अधिवेशनले क्षेत्र नम्बर ४ को 'क' प्रदेशसभा निर्वाचन क्षेत्रको नेतृत्व पनि सर्वसम्मत चयन गरेको छ। जसअनुसार क्षेत्रीय सभापतिमा जीवनकृष्ण सापकोटा, उपसभापतिमा मनमोहन महतो थारु, सचिवमा मुकेश महतो तथा सहसचिवमा ललिता देवी र सेवालाल महतो कोइरी चयन भएका छन्।
सोही प्रदेशसभा निर्वाचन क्षेत्रबाट प्रदेश अधिवेशन प्रतिनिधिमा नवराज फुयाँल, नेपाली प्रसाद कुशवाहा, अफताब मियाँ, दीपेन्द्र चौहान, अनोज चौधरी, सुरेन्द्र महतो, केशव खड्का, रुना माझी र बबीता सिंह क्षेत्रीसहित २४ जना सर्वसम्मत निर्वाचित भएका छन्। निवर्तमान क्षेत्रीय सभापति श्रीकान्त यादवको अध्यक्षता तथा पूर्वमन्त्री रमेश रिजालको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको सचिव अहमदले जानकारी दिए।

# विदेशबाट वीरगंज मेयरको उम्मेदवारी घोषणा: अफजल हुसेनको दाबी 'भाषण होइन, परिणाम चाहिएको छ'




**मधेशदृष्टि**
**वीरगंज।**
विदेशमा इन्जिनियर तथा पावर जेनेरेसन विशेषज्ञका रूपमा कार्यरत अफजल हुसेनले आगामी स्थानीय निर्वाचनमा वीरगंज महानगरपालिकाको मेयर पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्। उनले वीरगंजको विकासका लागि आफूले 'इन्जिनियर / प्लानर + प्रोब्लम सोल्भर' अवधारणासहित पाँच वर्षे विकास रोडम्याप अघि सार्ने बताएका छन्।
हुसेनले वीरगंजका प्रमुख समस्या पहिचान गरेर सम्भावित समाधानका लागि सम्बन्धित सरकारी निकायसम्म विषय पु¥याउँदै आएको दाबी गरेका छन्। उनका अनुसार आफूले महानगरका समस्या केवल बाहिरबाट टिप्पणी गरेर नभई स्थलगत रूपमा पुगेर अध्ययन गर्दै आएको बताएका छन्। उनले वीरगंज चिनी मिलदेखि सिर्सिया नदी, नारायणी अस्पताल, विद्युत् आपूर्ति, सरकारी तथा सामुदायिक विद्यालय, खानेपानी, महानगरका वडा र ट्राफिक व्यवस्थापनसम्मका विषयमा स्थलगत अनुगमन तथा सम्बन्धित निकायसँग छलफल गरेको बताएका छन्।
हुसेनका अनुसार वीरगंज चिनी मिलको स्थलगत अनुगमनपछि मेसिनरी तथा पार्टपुर्जाको अवस्थासहित विस्तृत अध्ययन प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाइएको थियो। उनले मिलका मेसिनरीको अवस्थाबारे सम्बन्धित अधिकारीलाई प्रोजेक्टरमार्फत जानकारीसमेत गराएको र त्यसपछि सरकारले अनुगमन टोली पठाएर चिनी मिलको निरीक्षण गरेको दाबी गरेका छन्। त्यसैगरी, सिर्सिया नदीको स्थलगत अध्ययन गरी नदीको प्रदूषण तथा सरसफाइसँग सम्बन्धित समस्या समेटिएको प्रतिवेदन तत्कालीन अर्थमन्त्री स्वर्णिम वाग्लेसमक्षसमेत पेश गरेको उनको भनाइ छ। नदीको प्रदूषण नियन्त्रण र सरसफाइका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएको उनले बताएका छन्।
नारायणी अस्पतालको अवस्था सुधारका लागि समेत स्थलगत अनुगमन गरी देखिएका समस्या र सुधारका विषयमा स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन बुझाएको हुसेनले बताएका छन्। अस्पतालका मेडिकल सुपरिटेन्डेन्टसँग प्रत्यक्ष भेट गरी आवश्यक सुधारका विषयमा छलफल गरेको उनको दाबी छ। वीरगंजको विद्युत् आपूर्ति र सेवासम्बन्धी समस्याबारे नेपाल विद्युत् प्राधिकरणको स्थानीय कार्यालयमा पुगेर जानकारी लिएको तथा सम्बन्धित अधिकारीसँग सुधारका सम्भावनाबारे छलफल गरेको उनले बताएका छन्।
त्यस्तै, महानगरभित्रका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयको शैक्षिक र भौतिक अवस्थाको अनुगमन गरी आवश्यक सुधारका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराएको उनको भनाइ छ। वीरगंज खानेपानी संस्थानको समेत अनुगमन गरी खानेपानी आपूर्ति, पाइपलाइन र सेवासम्बन्धी समस्या बुझेर सुधारका लागि पहल गरेको उनले बताएका छन्। महानगरका विभिन्न वडामा पुगेर वडा अध्यक्षहरूसँग प्रत्यक्ष भेटघाट गर्दै ढल, नाला, सडक तथा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी समस्या बुझ्ने काम गरेको हुसेनले बताएका छन्। त्यसैगरी, ट्राफिक प्रहरी कार्यालयमा पुगेर ट्राफिक व्यवस्थापन, सडक सुरक्षा तथा आवश्यक सुधारका विषयमा समेत छलफल गरेको उनले उल्लेख गरेका छन्। हुसेनले आफ्नो उम्मेदवारीको आधार समस्या देखाउने मात्र नभई त्यसको पहिचान, सम्बन्धित निकायसँग समन्वय र समाधान खोज्ने अभ्यासलाई बनाएको बताएका छन्। 'इन्जिनियर + प्लानर + प्रोब्लम सोल्भर' अवधारणामा आधारित पाँच वर्षे विकास रोडम्यापसहित सार्वजनिक बहसको प्रस्ताव अघि सारेका उनले वीरगंजको विकासमा स्पष्ट योजना, जिम्मेवारी र परिणाममुखी कार्यान्वयन आवश्यक रहेको बताएका छन्। विदेशमा हासिल गरेको प्राविधिक अनुभवलाई वीरगंजको विकासमा उपयोग गर्ने उद्देश्यसहित आफू निर्वाचनमा आउन लागेको उनको भनाइ छ। उनले वीरगंजका समस्या समाधानका लागि दीर्घकालीन योजना र कार्यान्वयनमा जोड दिने बताएका छन्।
वीरगंजको चिनी मिल, सिर्सिया नदी, स्वास्थ्य, विद्युत्, शिक्षा, खानेपानी, सडक, ढल तथा ट्राफिक व्यवस्थापनजस्ता विषयलाई आफूले प्राथमिकतामा राखेको बताउँदै हुसेनले आगामी दिनमा आफ्नो पाँच वर्षे विकास रोडम्याप सार्वजनिक बहसमा ल्याउने बताएका छन्।

# नयाँ सदस्यहरुलाई प्रमाणपत्र तथा सम्मान

**मधेशदृष्टि**
**वीरगंज।**
क्रियशिल युवा पत्रकार मञ्च नेपालको नयाँ सदस्यहरूलाई प्रमाणपत्र प्रदान तथा सम्मान कार्यक्रम आइतवार वीरगंज स्थित क्लासिक बैंक्वेटको सभा कक्षमा सम्पन्न भयो। मञ्चका केन्द्रीय अध्यक्ष आनन्द पटेलको अध्यक्षतामा भएको कार्यक्रमका मुख्य अतिथी नेपाल पत्रकार महासंघ केन्द्रीय लेखा आयोगका संयोजक, केशी लामिछानेले बर्तमान सत्ता प्रेसलाई कमजोर बनाउन लागिपरेको बताए।
मञ्चका सचिव राकेश साहले सहजीकरण गरेको कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष स्याम बन्जारा, महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल, रेडियो वीरगंजका समाचार प्रमुख प्रताप श्रेष्ठ, सञ्चारकर्मी निरज पिठाकोटे, मनोज पटेल, पप्पु सुमन, विजय महतो, प्रणय साह लगायतले मन्तव्य प्रकट गरेका थिए।

# करेन्ट लागेर युवकको मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
बाराको पचरौता नगरपालिकामा मोटर जडान गरिएको धाराबाट पानी खाने क्रममा आइतवार करेन्ट लागेर एक जना युवकको मृत्यु भएको छ।
प्रहरीका अनुसार पचरौता नगरपालिका–८ बाझोपटी स्थित साथी दुर्गा प्रसाद यादवको घरमा गएका महागढीमाई नगरपालिका–८ बेतौनाका २५ वर्षीय राजु देवानको करेन्ट लागेर मृत्यु भएको हो। घटना लगतै देवानलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैया पु¥याएकोमा चिकित्सकले मृत घोषणा गरेका हुन्।

# सिर्सिया नदीमा पानीको जलसतह बढ्यो

**मधेशदृष्टि**
**वीरगंज।**
लगातारको वर्षासँगै वीरगंजको श्रीपुर र रानीघाट आसपास हुँदै बग्ने सिर्सिया नदीमा पानीको जलसतह बढेको छ। नदीमा पानीको बहाव बढेसँगै वीरगंज महानगरपालिकाका दर्जनौँ वडा डुबानको जोखिममा परेका छन्।
सिर्सिया नदीमा जलसतह थप बढेमा नदी आसपासका बस्ती तथा तल्लो भूभागमा पानी पस्न सक्ने सम्भावना रहेको छ। डुबानको सम्भावित जोखिमलाई मध्यनजर गर्दै स्थानीय सुरक्षा निकायले सतर्कता अपनाएका छन्। सुरक्षा निकायले नदी आसपासका बस्तीका बासिन्दालाई सावधानी अपनाउन तथा जलसतह बढ्दै गएमा सुरक्षित स्थानतर्फ जान तयार रहन आग्रह गरेको छ।

# कमला नदीमा पानीको बहाव बढेपछि तटीय क्षेत्रमा प्रहरीको माइकिङ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
अविरल वर्षाका कारण कमला नदीमा पानीको बहाव बढ्दै गएपछि सम्भावित जोखिमलाई मध्यनजर गर्दै प्रहरीले नदी तथा आसपासका बस्तीमा माइकिङमार्फत सचेतना फैलाउन थालेको छ।
कमला नदीमा पानीको सतह निरन्तर बढिरहेकाले नदी किनार तथा तटीय क्षेत्रमा बसोबास गर्ने स्थानीयवासीलाई उच्च सतर्कता अपनाउन प्रहरीले आग्रह गरेको हो।
प्रहरीले नदीमा पानीको बहाव बढेकाले जोखिमयुक्त क्षेत्रमा नजान र आवश्यक सावधानी अपनाउन स्थानीयवासीलाई माइकिङमार्फत जानकारी गराइरहेको जनाएको छ।
सम्भावित बाढी तथा डुबानबाट सुरक्षित रहन, बालबालिका तथा ज्येष्ठ नागरिकको विशेष ख्याल गर्न र जोखिमको अवस्था देखिए तत्काल सुरक्षित स्थानतर्फ जानसमेत प्रहरीले आग्रह गरेको छ।
अविरल वर्षा भइरहेकाले कमला नदी आसपासका बस्तीमा थप जोखिम हुनसक्ने भन्दै स्थानीय प्रशासन तथा सुरक्षा निकायले नदीको जलस्तर र आसपासको अवस्थाबारे निरन्तर निगरानी गरिरहेको जनाइएको छ।

# नहरको पानीलाई खोलाबाट निकास दिदैं

**मधेशदृष्टि**
**वीरगंज।**
लगातारको वर्षाका कारण खेतमा सिँचाइको आवश्यकता नपरेपछि गण्डक नहरमा आएको पानी विभिन्न खोलामा निकास दिन थालिएको छ।
नेपाल–भारत गण्डक सम्झौता अनुसार धानबालीका लागि भारतले उपलब्ध गराउँदै आएको पानी खेतमा आवश्यक नपरेपछि पर्सा र बाराका विभिन्न स्थानबाट खोलामा झारिएको हो।
नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगंजका सूचना अधिकृत इन्जिनियर मुकेश ठाकुरका अनुसार पर्साको सिक्टा र तिलाबे तथा बाराको जमुनी खोलामा नहरको पानी निकास गरिएको छ।
नहरमा पानीको मात्रा बढ्दै गएपछि सम्भावित समस्या हुन नदिन अतिरिक्त पानी खोलातर्फ पठाइएको ठाकुरले बताए। उनका अनुसार अहिले गण्डक नहरमा करिब ४ सयदेखि ५ सय क्युसेक पानी प्रवाह भइरहेको छ।
गण्डक सम्झौताअनुसार धानबालीका लागि हरेक वर्ष असार १५ देखि असोज १५ गतेसम्म भारतले ८ सय ५० क्युसेक पानी उपलब्ध गराउने व्यवस्था छ। तर, निरन्तरको वर्षाका कारण खेतमा पर्याप्त पानी पुगेपछि किसानबाट थप सिँचाइको माग नआएको कार्यालयले जनाएको छ।

# अविरल वर्षा: सात जिल्लामा...

क्षति पुगेको प्रहरीले जनाएको छ।
महोत्तरीको मनरा शिसवा नगरपालिका–१ चौरिया टोलमा चन्द्रकाला मण्डलको बाँसले बनेको फुसको छानो भएको एककोठे घर भासिएपछि बस्न नसक्ने अवस्थामा पुगेको छ। धनुषाको लक्ष्मीनिया गाउँपालिका–३ अगिलेसवा क्षेत्रमा पनि वर्षा र हावाहुरीका कारण भौतिक क्षति पुगेको प्रहरीले जनाएको छ।
सप्तरीका विभिन्न स्थानमा समेत पानी प्रवेश गरेको छ। तिलाठी कोइलाडी गाउँपालिका–५ स्थित बीओपी बरसाइनको परिसर तथा आसपासका केही घरआँगनमा पानी पसेको छ। हनुमाननगर कंकालिनी नगरपालिकाका वडा नम्बर ७, ११ र १२ अन्तर्गत कोशी बाँधको दक्षिण तथा उत्तर क्षेत्रमा रहेका करिब दुई सय घरधुरीका घरआँगनमा समेत पानी प्रवेश गरेको प्रहरीले जनाएको छ।
प्रभावित क्षेत्रमा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट टोली परिचालन गरी उद्धार, क्षतिको विवरण सङ्कलन तथा आवश्यक समन्वयको काम भइरहेको छ।
लगातारको वर्षा र हावाहुरीबाट हुनसक्ने जोखिमलाई ध्यानमा राख्दै विभिन्न जिल्ला प्रहरी कार्यालय तथा मातहतका इकाइले माइकिङ, गस्ती तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेका छन्।
मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभु प्रसाद ढकालका अनुसार विषम परिस्थितिमा तत्काल उद्धार तथा सहयोगका लागि सम्बन्धित प्रहरी कार्यालयबाट टोली परिचालन गरिएको छ। प्रहरीले नदी तथा खोलाको किनार, डुबान र पहिरोको जोखिम भएका क्षेत्रमा नजान सर्वसाधारणलाई आग्रह गरेको छ। विपद्को अवस्था सिर्जना भए तत्काल नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नसमेत प्रहरीले अनुरोध गरेको छ। अविरल वर्षाका कारण प्रदेशका विभिन्न जिल्लामा क्षतिको विवरण सङ्कलन तथा उद्धारको काम जारी रहेकाले थप क्षतिको विवरण आउन सक्ने प्रहरीले जनाएको छ। वर्षा अझै जारी रहेकाले जोखिमयुक्त क्षेत्रमा रहेका नागरिकलाई सतर्क रहन र आवश्यक सुरक्षा सावधानी अपनाउन आग्रह गरिएको छ।

# विशिष्ट पाहुनाका लागि...

मूल्यको चारपांग्रे सवारीसाधन खरिद प्रक्रिया अघि बढाएको छ।
श्रम तथा यातायात मन्त्रालयले ३ करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको सवारीसाधन खरिदका लागि गत भदौ २५ गते बोलपत्र आह्वान गरेको हो।
मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको स्वीकृत बजेटमै अति विशिष्ट व्यक्तिका लागि सवारीसाधन खरिद गर्न रकम विनियोजन गरिएको थियो। सोही बजेटअनुसार खरिद प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ।
प्रदेश सरकारको आम्दानी र खर्चबीचको दबाब बढिरहेका बेला अर्थ मन्त्रालयले विभिन्न शीर्षकको बजेट कटौती तथा रोक्का गर्ने प्रक्रिया अघि बढाएको छ। चालु आर्थिक वर्षमा प्रदेशको बजेट करिब ७ अर्ब रुपैयाँसम्म घट्न सक्ने अनुमान गर्दै अर्थ मन्त्रालयले विभिन्न शीर्षकमा २० देखि शतप्रतिशतसम्म बजेट कटौती तथा केही रकम रोक्का गर्ने तयारी गरेको जनाएको छ।
सामान्य सवारीसाधन खरिदतर्फको बजेट रोक्का गरिए पनि अति विशिष्ट व्यक्तिका लागि विनियोजन गरिएको रकम भने रोक्का नगरिएको अर्थ मन्त्रालयको भनाइ छ।
श्रम तथा यातायात मन्त्रालयका निमित्त सचिव रञ्जित यादवले चालु आर्थिक वर्षका लागि स्वीकृत बजेटअनुसार नै सवारीसाधन खरिद प्रक्रिया अघि बढाइएको बताए।
उनका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेत अति विशिष्ट व्यक्तिका लागि सवारीसाधन खरिद प्रक्रिया अघि बढाउन पत्राचार भएको थियो।
'बजेटमै अति विशिष्ट अतिथिका लागि गाडी खरिद गर्ने व्यवस्था भएकाले प्रक्रिया अघि बढाइएको हो,' यादवले भने।
खरिद गरिने सवारीसाधन प्रदेशमा आउने राष्ट्रपति, प्रधानमन्त्रीलगायत अति विशिष्ट व्यक्तिको प्रयोगका लागि राखिने यादवले बताए।

# हावाहुरीले धान ढल्यो, उखुमा...

ढलाउने र कहिले खेतमा पानी जमेर बाली नष्ट हुने समस्या दोहोरिँदै आएको उनीहरूको गुनासो छ।
किसानले क्षतिको तत्काल विवरण सङ्कलन गरी राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न माग गरेका छन्। उनीहरूले डुबान तथा पानी निकासको समस्या दीर्घकालीन रूपमा समाधान गर्न र कृषि बीमालाई प्रभावकारी बनाउनसमेत आग्रह गरेका छन्।
उखुमा पनि हावाहुरीको मार
धानसँगै महोत्तरीमा उखु खेतीमा समेत वर्षा र हावाहुरीले क्षति पु¥याएको छ। माघ–फागुनमा लगानी गरेर रोपिएको उखु साउनमा आएको हावाहुरीले ढालेपछि किसानले मजदुर लगाएर उठाई बाँधेका थिए। तर असोज ८ देखि ११ गतेसम्मको हावाहुरी र वर्षाले बाँधेर राखिएको उखुसमेत पुनः खेतमा ढलेपछि किसानको लागत र श्रम दुवै बढेको छ।
औरही नगरपालिका–२ का किसान दिनेश यादवका अनुसार उखु पटक–पटक ढल्दा एउटै बालीमा दोहोरो खर्च व्यहोर्नुपरेको छ।
'पहिले साउनको हावाहुरीले उखु ढल्यो। त्यसपछि मजदुर लगाएर उठाएर बाँधियो,' उनले भने, 'अहिले फेरि हावाहुरी र वर्षाले ढालेपछि एउटै बालीमा दोहोरो खर्च र क्षति व्यहोर्नुपरेको छ।'
सोही ठाउँका किसान घनश्याम यादवले धान र उखु दुवैमा क्षति पुगेपछि किसान आर्थिक समस्यामा पर्ने अवस्था आएको बताए। बाली भित्र्याउने बेलामा भएको क्षतिले वर्षभरको खाद्यान्न र आम्दानीसमेत प्रभावित हुने उनको भनाइ छ।
'किसानको वास्तविक क्षति तत्काल मूल्याङ्कन हुनुपर्छ,' उनले भने, 'क्षतिको विवरण सङ्कलन गरेर राहत दिनुका साथै कृषि बीमामार्फत क्षतिपूर्ति पाउने व्यवस्था मिलाउनुपर्छ।'
सम्बन्धित पालिकाहरूले वर्षा र हावाहुरीका कारण धान तथा अन्य बालीमा भएको क्षतिको विवरण सङ्कलन गर्ने तयारी गरेका छन्। प्रभावित किसानको वास्तविक क्षतिको विवरण प्राप्त भएपछि उपलब्ध स्रोत र साधनअनुसार राहत तथा अन्य सहयोगका लागि पहल गरिने पालिका प्रतिनिधिहरूले बताएका छन्।
तर किसानले तत्कालीन राहतसँगै हरेक वर्ष दोहोरिने डुबान, पानी निकास र बाली क्षतिको स्थायी समाधान खोज्नुपर्ने माग गरेका छन्। बाली भित्र्याउने समयमा हुने प्राकृतिक विपत्तिले उत्पादन घटाउनुका साथै कृषि पेशामा निर्भर परिवारको खाद्य सुरक्षा र आम्दानीसमेत प्रभावित हुँदै आएको उनीहरूको भनाइ छ।

# चोरीपछि ६२ वर्षीया महिलाको हत्या, तीन युवक पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको धोबिनी गाउँपालिका–५ धोबिनीमा घरमा चोरी गर्ने क्रममा ६२ वर्षीया महिलाको हत्या गरेको आरोपमा प्रहरीले तीन युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा स्थानीय १८ वर्षीय चन्दन कुमार पटेल, १८ वर्षीय राज कपुर बैठा र १८ वर्षीय रामु पासवान रहेका छन्। प्रहरीका अनुसार गत आइतबार राति श्रीनिवास साह तुराहाको घरमा चोरी गर्न पुगेका तीनै जनाले उनकी पत्नी लखरजिया देवीको हत्या गरी नगद तथा गरगहना लिएर फरार भएका थिए।

घटनाको प्रारम्भिक अनुसन्धानअनुसार, असोज ४ गते आइतबार राति करिब ११ बजे पटेल, बैठा र पासवान बैठाको घरमा भेला भएर गाँजा सेवन गरेका थिए। त्यसपछि उनीहरूले लखरजिया देवीको घरमा चोरी गर्ने योजना बनाएको प्रहरीको भनाइ छ । योजना अनुसार तीनै जना घरको पछाडिको पर्खाल चढेर दुई तल्ले पक्की घरको माथिल्लो तलामा पुगेका थिए।

झ्यालबाट भित्र प्रवेश गरेपछि उनीहरूले स्टिलको दराज तोडेर त्यसमा राखिएको नगद तथा गरगहना निकालेका थिए । त्यसपछि अर्को कोठामा रहेको टिनको बाक्साको ताल्चा फुटाउने क्रममा आवाज सुनेर लखरजिया देवी ब्युँझिएकी थिइन्। तोडफोड भइरहेको थाहा पाएपछि माथिल्लो तलामा पुगेकी लखरजिया देवीलाई देखेपछि तीनै जनाले फलामको धारिलो वस्तुले प्रहार गरेको र उनको मृत्यु भएपछि नगद तथा गरगहना लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । सोमबार बिहान लखरजिया देवी आफ्नै कोठामा मृत अवस्थामा भेटिएकी थिइन् । उनको कोठामा रहेको दराज र बाक्सा फुटाइएको अवस्थामा भेटिएको थियो भने नगद तथा गरगहना चोरी भएको थियो।

घटनापछि अनुसन्धानलाई तीव्र बनाएको प्रहरीले पटेललाई शुक्रबार वीरगंजबाट तथा बैठा र पासवानलाई शनिबार धोबिनी गाउँबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए। प्रहरीले पक्राउ परेका उनीहरूको साथबाट चोरी भएको रकम, सुनका गरगहना, गाडीको स्प्रिङ पत्ता एक थान, पिलास एक थान र चक्कु एक थान बरामद गरेको जनाएको छ।

पक्राउ परेका तीनै जनालाई प्रहरी हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको छ। उनीहरूविरुद्ध कर्तव्य ज्यानसम्बन्धी कसुरमा पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# करोडौंको नमुना अस्पताल, तर बिरामी पुग्ने बाटो छैन



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको धोबीनी गाउँपालिका–४ लंगडीमा करोडौं रुपैयाँ खर्चेर निर्माण गरिएको नमुना अस्पताल स्थानीयका लागि स्वास्थ्य सेवाको भरोसा बन्नुपर्ने हो । तर अस्पतालसम्म पुग्ने सडकको दुरवस्थाले यही स्वास्थ्य संस्था अहिले स्थानीयका लागि सहज उपचारभन्दा पनि पहुँचको समस्याको उदाहरण बन्न थालेको छ। वर्षायाम सुरु भएसँगै लंगडीको सडक हिलाम्मे र जीर्ण बनेपछि अस्पतालसम्म बिरामी पु¬याउन स्थानीयलाई सास्ती हुने गरेको छ।

सामान्य बिरामीदेखि गर्भवती महिला, वृद्धवृद्धा र आकस्मिक उपचार आवश्यक पर्ने बिरामीलाई समयमै अस्पताल पुऱ्याउन कठिन हुने गरेको स्थानीयको गुनासो छ।

अस्पताल गाउँमै भए पनि सडककै कारण कतिपय बिरामीलाई पोखरिया वा वीरगन्जका स्वास्थ्य संस्थातर्फ लैजानुपर्ने अवस्था आउने गरेको स्थानीय बताउँछन् । अझ वर्षाको समयमा एम्बुलेन्ससमेत सहज रूपमा आवतजावत गर्न नसक्दा आपत्कालीन अवस्थामा बिरामीको स्वास्थ्य जोखिममा पर्न सक्ने उनीहरूको भनाइ छ । स्थानीयको प्रश्न छ ‘स्वास्थ्य संस्था निर्माणका लागि करोडौं रुपैयाँ खर्च गर्न सक्ने गाउँपालिकालाई त्यही अस्पतालसम्म पुग्ने सडक व्यवस्थित गर्न किन कठिन भइरहेको छ ?’ स्थानीयका अनुसार अस्पतालको भवन निर्माणलाई मात्र विकासको सूचक मानेर पुग्दैन। सेवा लिन आउने नागरिकले सहज रूपमा अस्पतालसम्म पुग्न सक्ने अवस्था सिर्जना गर्नु पनि स्वास्थ्य पूर्वाधारकै महत्वपूर्ण हिस्सा हो । पहुँच मार्ग नै जोखिमपूर्ण भएपछि करोडौंको लगानीबाट निर्माण भएको अस्पतालको पूर्ण उपयोग हुन नसकेको उनीहरूको गुनासो छ।

गाउँपालिकाले विभिन्न तालिम, गोष्ठी, कार्यक्रम तथा सामग्री खरिदमा बजेट खर्च गर्दै आए पनि जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका सडकजस्ता आधारभूत पूर्वाधारमा अपेक्षित प्राथमिकता नदिएको भन्दै स्थानीय तहको कार्यशैलीमाथि प्रश्न उठ्न थालेको छ।

स्थानीयले जनप्रतिनिधिहरूले आगामी योजना तथा बजेट निर्माण गर्दा जनताको वास्तविक आवश्यकता पहिचान गर्नुपर्ने बताएका छन्। उनीहरूका अनुसार औपचारिक कार्यक्रम र तालिमभन्दा बिरामीलाई सुरक्षित रूपमा अस्पताल पुऱ्याउने सडक, खानेपानी, शिक्षा तथा अन्य आधारभूत पूर्वाधारमा लगानीलाई प्राथमिकता दिन आवश्यक छ।

‘अस्पतालको भवन बनेको छ, तर त्यहाँ पुग्ने बाटो व्यवस्थित छैन ।’ स्थानीयका दृष्टिमा यही विरोधाभासले विकास योजनाको प्राथमिकता र व्यवस्थापनमाथि गम्भीर प्रश्न खडा गरेको छ। करोडौं लगानीमा स्वास्थ्य संस्था निर्माण गरिए पनि त्यसको पहुँच मार्ग बेवास्ता गरिँदा राज्यको लगानीको अपेक्षित प्रतिफल नागरिकले पाउन नसकेको उनीहरूको आरोप छ।

अब स्थानीयले आश्वासन र भाषणभन्दा अस्पतालसम्म पुग्ने सडकको तत्काल स्तरोन्नति गर्न माग गरेका छन् । वर्षायाममा नियमित मर्मत, सडकको दिगो सुधार तथा एम्बुलेन्स सहज रूपमा सञ्चालन हुन सक्ने पहुँच मार्ग निर्माणलाई प्राथमिकतामा राख्न उनीहरूले धोबीनी गाउँपालिका र सम्बन्धित जनप्रतिनिधिसँग आग्रह गरेका छन्।

जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने अस्पतालसम्मको सडक आगामी बजेटमा प्राथमिकतामा पर्छ कि फेरि अन्य कार्यक्रम र खरिदमै बजेट केन्द्रित हुन्छ भन्ने प्रश्न अहिले लंगडीका स्थानीयबीच चर्चाको विषय बनेको छ।

# सप्तकोशीको बाढीले सप्तरीका तटीय बस्ती प्रभावित, पाँच सय परिवार प्रभावित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सप्तकोशी नदीमा आएको बाढीका कारण सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका कोशी तटीय बस्ती प्रभावित भएका छन् । बाढी बस्तीमा पस्दा करिब पाँच सय घरपरिवार प्रभावित भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाका अनुसार वडा नम्बर ५, ७, १२ र १३ का विभिन्न बस्तीमा बाढीको पानी पसेको छ। कोशी नदीको बीच भागमा रहेको वडा नम्बर १३ को गोबरगाढा बस्ती भने पूर्ण रूपमा डुबानमा परेको छ।

घर, आँगन तथा बस्तीमा पानी पसेपछि प्रभावित परिवारलाई सुरक्षित तथा अग्लो स्थानमा सारिएको छ। उनीहरूका लागि पाल टाँगेर बस्ने व्यवस्था मिलाइएको नगरपालिकाले जनाएको छ । बाढी प्रभावितका लागि नगरपालिकाले शनिबारदेखि निःशुल्क भोजनको व्यवस्था समेत गरेको छ। शनिबार मात्रै करिब एक हजार जनाले उक्त मेसबाट खाना खाएको नगरपालिकाले जनाएको छ । बाढीका कारण वडा नम्बर ७ र १२ मा दुई–दुई गरी चार परिवारका घर भत्किएका छन्। घर भत्किएपछि ती परिवारलाई समेत सुरक्षित स्थानमा सारिएको छ । यस्तै, सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–५ मा पनि सप्तकोशी नदीको बाढी पसेको छ। त्यहाँ करिब १५ घरपरिवार प्रभावित भएका छन्। बाढी प्रभावित परिवारहरू छिमेकीको घरमा आश्रय लिएर बसेका छन् । जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार सप्तकोशी नदीको बहाव भने क्रमशः घट्दै गएको छ । समाचार तयार पार्दासम्म कोशी नदीमा २ लाख १७ हजार ४५ क्युसेकभन्दा बढी पानीको बहाव मापन गरिएको छ । कोशी ब्यारेजका २६ वटा ढोका खुला राखिएको जनाइएको छ।

## राणा पक्राउ प्रकरणमा नाम जोडिएपछि

# मेयर सिंहको आपत्ति, ‘असम्बन्धित विषयमा बदनाम गर्ने प्रयास’





**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शम्शेर राणा पक्राउ प्रकरणमा आफ्नो नाम जोडेर प्रकाशित समाचारप्रति आपत्ति जनाएका छन्।

राणा पक्राउसम्बन्धी समाचारमा आफूलाई असम्बन्धित रूपमा जोडेर भ्रमपूर्ण तथा प्रतिष्ठामा आँच पुग्ने सामग्री प्रकाशन गरिएको भन्दै मेयर सिंहले आपत्ति जनाएका हुन् । पूर्वप्रधानन्यायाधीश राणा पक्राउ परेको विषय अहिले सार्वजनिक चर्चामा रहेको छ भने प्रहरीका अनुसार उनलाई सुरक्षा चुनौतीका कारण नियन्त्रणमा लिइएको बताइएको छ।

मेयर सिंहका स्वकीय सचिव सत्यराज घिमिरेले आइतबार विज्ञप्ति जारी गर्दै केही अनलाइन सञ्चारमाध्यमले राणा पक्राउ प्रकरणसँग मेयर सिंहको नाम जोडेर प्रकाशित गरेको समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । विज्ञप्तिमा राणा स्वयंको पक्राउको कारणसमेत स्पष्ट रूपमा सार्वजनिक नभइसकेको अवस्थामा घटनासँग असम्बन्धित व्यक्तिलाई जबर्जस्ती जोडेर विवादमा तान्नु र सार्वजनिक प्रतिष्ठामा असर पार्ने सामग्री प्रकाशन गर्नु दुःखद भएको उल्लेख गरिएको छ।

घिमिरेले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्ने जनाउँदै कुनै व्यक्तिको सार्वजनिक छवि र प्रतिष्ठामा असर पर्ने गरी असम्बन्धित विषयसँग नाम जोडेर समाचार प्रकाशन गर्नु स्वीकार्य नहुने बताएका छन् । उनले समाचार प्रकाशनपूर्व तथ्य र सन्दर्भको पूर्ण पुष्टि गर्न सम्बन्धित सञ्चारमाध्यमलाई आग्रह गरेका छन्।

- **नागरिकता मुद्दाको प्रसंग जोडेर आपत्ति**

विज्ञप्तिमा मेयर सिंहको नाम राणा पक्राउ प्रकरणसँग जोडिनुको आधारका रूपमा वीरगंज महानगरको मेयरमा निर्वाचित हुनुअघिको नागरिकता सेवासम्बन्धी विवादलाई प्रस्तुत गरिएकोप्रति समेत आपत्ति जनाइएको छ। घिमिरेका अनुसार नेपाल सरकारको सेवाग्राहीका रूपमा राजेशमान सिंहले नागरिकतासम्बन्धी सेवा लिएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर संविधान तथा कानुनविपरीत भ्रष्टाचार मुद्दा अघि बढाएको दाबी गरिएको छ।

उक्त विषयमा पर्सा जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा विशेष अदालतमा आरोपपत्र दायर भएको भन्दै दोहोरो कारबाहीको सिद्धान्तविपरीत भएको जिकिरसहित सर्वोच्च अदालतमा रिट दायर गरिएको विज्ञप्तिमा उल्लेख छ । तर सर्वोच्च अदालतले रिट खारेज गरेपछि न्यायिक प्रक्रियालाई सम्मान गर्दै विशेष अदालतको प्रक्रिया अघि बढाइएको र अन्ततः विशेष अदालतबाट सफाइ पाएपछि सिंह वीरगंज महानगरपालिकाको नेतृत्वमा फर्किएको विज्ञप्तिमा दाबी गरिएको छ।

यही न्यायिक प्रक्रियाबाट टुंगिएको विषयलाई पूर्वप्रधानन्यायाधीश राणा पक्राउ प्रकरणसँग जोडेर प्रस्तुत गर्नु तथ्य र सन्दर्भलाई विकृत गर्ने प्रयास भएको मेयर सिंहको सचिवालयको भनाइ छ।

**खण्डन प्रकाशन गर्न आग्रह, कानुनी प्रक्रियाको चेतावनी**

मेयर सिंहका स्वकीय सचिव घिमिरेले सम्बन्धित सञ्चारमाध्यमलाई प्रकाशित सामग्रीको खण्डन प्रकाशन गर्न आग्रह गरेका छन् । खण्डन प्रकाशन नगरिए प्रचलित कानुन तथा पत्रकारिता आचारसंहिताअनुसार प्रेस काउन्सिल नेपाललगायत सम्बन्धित निकायमा आवश्यक कानुनी प्रक्रिया अघि बढाउन बाध्य हुने चेतावनीसमेत विज्ञप्तिमार्फत दिइएको छ।

यसैबीच, पूर्वप्रधानन्यायाधीश राणालाई काठमाडौंस्थित निवासबाट प्रहरीले नियन्त्रणमा लिएको घटनाको कानुनी आधार र पक्राउको कारणबारे सार्वजनिक रूपमा विभिन्न विवरण आएका छन् । प्रहरी पक्षले सुरक्षा चुनौतीका कारण उनलाई कार्यालयमा ल्याइएको बताएको छ भने पक्राउको विषयमा थप विवरण सार्वजनिक हुने क्रममा रहेको छ।

# लालबकैया नदीको तटबन्ध कटान तीव्र,

## रौतहटका आधा दर्जन बस्ती डुबानको जोखिममा



**मधेशदृष्टि**
**रौतहट।**
अविरल वर्षापछि लालबकैया नदीमा आएको बाढीले रौतहटको मौलापुर नगरपालिका–२ मर्यादपुरस्थित तटबन्धमा तीव्र कटान गरिरहेको छ । तटबन्ध कमजोर बन्दै गएपछि नदीको पानी बस्ती र खेतीयोग्य जमिनमा पस्ने जोखिम बढेको छ। नदीको बहाव निरन्तर बढिरहेका बेला तटबन्ध आसपासको भू–भागमा कटान तीव्र भएपछि स्थानीय बासिन्दामा त्रास बढेको छ।

तटबन्ध भत्किए ठूलो क्षेत्रमा बाढी पस्न सक्ने जोखिम देखिएपछि जिल्ला प्रशासन र स्थानीय तहले जोखिम क्षेत्रको स्थलगत निरीक्षण गरी आवश्यक तयारी अघि बढाएका छन् । रौतहटका प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेल, प्रहरी उपरीक्षक सीताराम रिजालसहित सुरक्षा निकायका अधिकारी तथा मौलापुर नगरपालिकाकी नगर प्रमुख रिनादेवी साहलगायत जनप्रतिनिधिको टोलीले शनिबार मर्यादपुर पुगेर तटबन्ध र कटान प्रभावित क्षेत्रको निरीक्षण गरेको हो । टोलीले स्थानीय बासिन्दासँग छलफल गर्दै सम्भावित जोखिमका विषयमा जानकारी लिनुका साथै नआत्तिन आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी पौडेलका अनुसार मर्यादपुरस्थित तटबन्ध भत्किए मौलापुर, गम्हरिया, बरगिनिया, शीतलपुर, सन्तपुर र पेटभरवासहित आसपासका बस्ती प्रत्यक्ष प्रभावित हुन सक्छन्। सम्भावित जोखिमलाई मध्यनजर गर्दै सुरक्षा तथा उद्धार व्यवस्थापनका लागि आवश्यक तयारी गरिएको उनले बताए । पौडेलले जोखिमयुक्त क्षेत्रमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका टोली परिचालन गरी तटबन्धको अवस्था र नदीको बहाव निरन्तर निगरानी गर्न निर्देशन दिइएको जानकारी दिए । उनले प्रभावित क्षेत्रका बासिन्दालाई वर्षाका बेला विशेष सावधानी अपनाउन र जोखिम बढे सुरक्षित स्थानतर्फ जान तयार रहन आग्रह गरेका छन् ।यता, जिल्ला प्रशासन कार्यालयले फतुवा पुलनजिक भगवानपुर क्षेत्रमा रहेको तटबन्धसमेत नदीको कटानमा परेको जनाएको छ। उक्त क्षेत्रको तटबन्धमा भइरहेको कटानका कारण आसपासका बस्ती हुँदै सदरमुकाम गौरसम्म जोखिम हुन सक्ने भन्दै प्रशासनले त्यहाँका बासिन्दालाई पनि सतर्क रहन आग्रह गरेको छ । लगातारको वर्षाका कारण नदीमा पानीको बहाव बढिरहेकाले तटबन्धको अवस्था र कटानको निगरानीलाई थप तीव्र पारिएको प्रशासनले जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन